# माङसेबुङ गाउँपालिका, इलाम

## गाउँ कार्यपालिकाको बैठक

**बैठक संख्या** : ३८ औं

**मिति** : २०८१/०४/११

आज मिति २०८१ साल साउन ११ गते शुक्रवारका दिन माङसेबुङ गाउँपालिकाका अध्यक्ष श्री हेमन्त राई ज्यूको अध्यक्षता तथा देहायको उपस्थितिमा, गाउँ कार्यपालिकाको बैठक बसी निम्नानुसार निर्णय गरियो ।

उपस्थिति :

| क. सं. | नाम, थर | पद | दस्तखत | कैफियत |
|---|---|---|---|---|
| १ | श्री हेमन्त राई | अध्यक्ष | | |
| २ | श्री विनोद कुमार नेम्वाङ | उपाध्यक्ष | | |
| ३ | श्री भुपाल योङहाङ | १ नं वडा अध्यक्ष | | |
| ४ | श्री कृष्ण वहादुर बस्नेत | २ नं वडा अध्यक्ष | | |
| ५ | श्री लक्षुमन राई | ३ नं वडा अध्यक्ष | | |
| ६ | श्री नविन लिम्बू | ४ नं वडा अध्यक्ष | | |
| ७ | श्री नरेन्द्र कुमार राई | ५ नं वडा अध्यक्ष | | |
| ८ | श्री प्रदिप साङपाङ | ६ नं वडा अध्यक्ष | | |
| ९ | श्री डिक माया लुहागुन | सदस्य | | |
| १० | श्री प्रमिता धमला विश्वकर्मा | सदस्य | | |
| ११ | श्री हस्त कुमारी लिम्बू | सदस्य | | |
| १२ | श्री पुनम साम्वाहाम्फे | सदस्य | | |
| १३ | श्री सुसन राई | सदस्य | | |
| १४ | श्री विनोद कुमार चौहान | सचिव | | |
| १५ | श्री युवराज दहाल | अ. हेरो इ. | | |
| १६ | श्री मनिमा भट्टराई | प्रशासन प्रमुख | | |
| १७ | | | | |
| १८ | | | | |

## माङसेबुङ गाउँपालिका, इलाम
## गाउँ कार्यपालिकाको बैठक

**बैठक संख्या : ३८ औं** **मिति : २०८१/०४/११**

---

**प्रस्ताव नं. १**

अघिल्लो बैठकको कार्यान्वयनको समीक्षा गर्ने सम्वन्धमा ।

**निर्णय नं. १ :** मिति : २०८१ असार १० गते भएको बैठकको निर्णय कार्यान्वयनको समीक्षा गरियो ।

**प्रस्ताव नं. २**

सेवा प्रवाहको स्थितिको समीक्षा गर्ने सम्वन्धमा ।

**निर्णय नं. २**

मिति : हालसम्म गाउँ कार्यपालिकाको कार्यालय, वडा कार्यालयहरु तथा स्वास्थ्य संस्थाहरुबाट भए गरेका सेवा प्रवाहको स्थितिको समीक्षा गरियो । कमी कमजोरीहरु सुधार्दै जाने निर्णय गरियो ।

**प्रस्ताव नं. ३**

माङसेवुङ गाउँपालिकाको चालू आ. व. २०८१/०८२ को नयाँ दररेट स्वीकृत गर्ने सम्वन्धमा ।

**निर्णय नं. ३**

चालू आ. व. २०८१/०८२ का लागि कायम गरिएको जिल्ला दररेट समेतलाई आधार मानेर तयार गरिएको माङसेवुङ गाउँपालिकाको नयाँ दररेट स्वीकृत गर्ने । जसमा समावेश भएका देहायका विषयहरु समेत स्वीकृत गर्ने :

<u>देहाय</u> :

- ✓ विभिन्न श्रेणीका कामदारहरुको दैनिक तथा मासिक ज्यालादर
- ✓ निर्माण लगायत सामग्रीहरुको (मूल्य अभिवृद्धि कर बाहेक) निर्धारण गरी लागू गर्ने,
- ✓ निर्माण कार्य तथा अन्य कार्यमा प्रयोग हुने मेसिन तथा उपकरणको भाडाको दररेट (मू. अ. कर वाहेक) निर्धारण गरी लागू गर्ने,
- ✓ विभिन्न निर्माण कार्य तथा अन्य कार्यहरुमा प्रयोग हुने ढुवानी कार्यको दररेट (मू. अ. कर वाहेक) निर्धारण गरी लागू गर्ने,
- ✓ उल्लेख गरिएको अवस्था वाहेक सार्वजनिक निर्माण कार्यमा नेपाल गुणस्तर प्राप्त वा सो सरहको सामग्री मात्र प्रयोगमा ल्याइने ।

**प्रस्ताव नं. ४**

निकासी कर संकलनको न्यूनतम ठेक्का रकम संशोधन गर्ने सम्वन्धमा ।

**निर्णय नं. ४**

मिति : २०८१/०४/०६ को स्थानीय राजस्व परामर्श समितिको बैठकको निर्णय समेतका आधारमा आ. व. २०८१/०८२ मा माङसेबुङ गाउँपालिका क्षेत्रबाट निकासी हुने विभिन्न कृषिजन्य, पशुजन्य, वनजन्य तथा अन्य तोकिएका वस्तुहरुको निकासी कर संकलन गर्ने प्रयोजनका लागि न्यूनतम ठेक्का रकम रु. १० लाख ५० हजार (मू. अ. कर बाहेक) राखी बोलपत्र आह्वान गर्ने ।

साथै स्थानीय पूर्वाधार उपयोग शुल्क संकलन गर्ने प्रयोजनका लागि न्यूनतम ठेक्का रकम रु. १ लाख ( मू. अ. कर बाहेक) कायम गरी ठेक्का प्रक्रिया अगाडि बढाउने ।

**प्रस्ताव नं. ५**

पूर्वाधार उपयोग शुल्क संकलन सम्बन्धमा ।

**निर्णय नं. ५**

गाउँपालिकाको लगानीमा निर्माण भएका उपयोग गरे बापत् सवारी तथा ढुवानीका साधनहरुलाई गाउँपालिकाको आर्थिक ऐन अनुसार अर्को व्यवस्था नभएसम्मका लागि कार्यालयबाट रसिद छपाइ गरी वडा नं. १ र ४ मा पर्ने नाकाहरुमा संकलक खटाई पूर्वाधार उपयोग शुल्क संकलन गर्ने । सो संकलक सम्वन्धित वडाले नै नियुक्त गर्ने ।

**प्रस्ताव नं. ६**

दरखास्त आह्वान गर्ने सम्वन्धमा ।

**निर्णय नं. ६**

ल्याब असिस्टेन्ट (सहायक चौथो तह) : १ जनाको रिक्त दरवन्दी करारमा पदपूर्ति गर्ने ।

**प्रस्ताव नं. ७**

'माङसेबुङ गाउँपालिकाको दाहसंस्कार खर्च सम्बन्धी मापदण्ड, २०८१' स्वीकृत गर्ने सम्वन्धमा ।

**निर्णय नं. ७**

'माङसेबुङ गाउँपालिकाको दाहसंस्कार सम्वन्धी मापदण्ड, २०८१' स्वीकृत गर्ने ।

**प्रस्ताव नं. ८**

'माङसेबुङ गाउँपालिकाको सुत्केरी स्याहार खर्च सम्वन्धी मापदण्ड, २०८१' स्वीकृत गर्ने सम्वन्धमा ।

**निर्णय नं. ८**

'माङसेबुङ गाउँपालिकाको सुत्केरी स्यहार खर्च सम्वन्धी मापदण्ड, २०८१' स्वीकृत गर्ने ।

**प्रस्ताव नं. ९**

प्रयोगशालामा परीक्षणको दर तोक्ने सम्वन्धमा ।

निर्णय नं. ९

माङसेबुङ गाउँपालिकाका विभिन्न स्वास्थ्य संस्थाहरुमा रहेका प्रयोगशालाहरुमा परीक्षण गर्दा लाग्ने शुल्क देहाय बमोजिम तोक्ने :

- Haematological Test
  1. Hb : Rs.50
  2. RBC : Rs. 50
  3. WBC : Rs. 50
  4. Platelets : Rs.50
  5. DLC : Rs. 50
  6. ESR : Rs. 50
  7. BT : Rs. 40
- Biochemistry Test
  1. Random Blood Sugar (RBS) : Rs. 25
  2. Fasting Blood sugar (FBC) : Rs. 25
  3. Post Prandial Blood Sugar (PPBS) : Rs. 25
- Liver Function Tests
  1. Bilirubin Total & Direct : Rs. 100
- Serological Test
  1. HIV : Rs. 100
  2. HCV : Rs.100
  3. Hb sag : Rs. 100
  4. Syphilis : Rs.70
- Urine Routine Examination : Rs. 50
  1.Protein :
  2.Ph :
  3.Urine Sugar :
  4.Urine Microspic Examination
- Blood Grouping : 40
- ANC Package : 685
  1. Blood Grouping
  2. CBC
  3. Sugar Test
  4. Urine R/E, M/E
  5. Syphilis
  6. HIV
  7. HCV
  8. Hbsag
  9. Syphilis
- Uric Acid : Rs. 150
- Stool Test : Rs. 50 R/E,ME

**प्रस्ताव नं. १०**

स्वास्थ्य बिमा सहजकर्ताहरुको कार्यलाई प्रभावकारी बनाउने सम्वन्धमा ।

**निर्णय नं. १०**

माङसेबुङ गाउँपालिकाका स्वास्थ्य बिमा सहजकर्ताहरुको काम कारवाहीलाई प्रभावकारी बनाउने सम्वन्धमा आवश्यक कार्य गर्न देहाय बमोजिमको समिति गठन गर्ने :

देहाय :

- ✓ संयोजक : श्री सुसन राई (प्रवक्ता)
- ✓ सदस्य : श्री नरेन्द्र कुमार राई (५ नं. वडा अध्यक्ष),
- ✓ सदस्य : श्री भुपाल योङहाङ (१ नं. वडा अध्यक्ष)

**प्रस्ताव नं. ११**

बर्थिङ सेन्टरमा खटिने कर्मचारीहरुलाई दिने प्रोत्साहन सम्वन्धमा ।

**निर्णय नं. ११**

बर्थिङ सेन्टरमा खटिने कर्मचारीहरुलाई देहाय बमोजिम प्रोत्साहन भत्ता दिने :
प्रसुती गराउनेलाई रु. १०००।०
सरसफाई गर्नेलाई रु. ५००।०

**प्रस्ताव नं. १२**

२०८१ को तीज कार्यक्रम आयोजना गर्ने सम्वन्धमा ।

**निर्णय नं. १२**

२०८१ सालको तीज कार्यक्रम गजुरमुखी धामको ट्याक्सी स्टेण्डमा आयोजना गर्ने । सो कार्यक्रमको खर्च रु. १ लाखमा नबढ्ने गरी चालू आ. व. को स्वीकृत वजेटको 'महिला विकास कार्यक्रम' बाट भुक्तानी गर्ने ।

**प्रस्ताव नं. १३**

उपभोक्ता समितिमार्फत् योजना सञ्चालन गर्ने सम्बन्धमा ।

**निर्णय नं. १३**

उपभोक्ता समितिमार्फत् 'डोलटार खेलमैदान स्तरोन्नति (रु.२० लाख)' शीर्षकको योजना सञ्चालन गर्ने । नियमानुसार समितिको लागत सहभागिता गराउने ।

---

*स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ को उपदफा २ को देहाय (ज) बमोजिम प्रमुख प्रशासकीय अधिकृतको हैसियतले कार्यपालिकाको बैठकको निर्णय प्रमाणित गर्दछु ।*

*सही :*

*नाम : विनोद कुमार चौहान*

*पद : प्रमुख प्रशासकीय अधिकृत*